# मेलम्ची नगर कार्यपालिकाको मिति २०७४/९/१९ गतेको बैठकको निर्णयहरु

**निर्णय नं. १ :**

नेपाल रेडक्रस सोसाइटीबाट मेलम्ची नगरपालिका अन्तर्गतका केही स्वास्थ्य चौकीको भवन निर्माण कार्यको थालनी गरी निर्माण कार्य बिचमै अधुरो छोड्ने तथा निर्माण कार्य विलम्ब गर्ने नेपाल रेडक्रस सोसाइटी प्रति खेद प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २६ मिति २०७४।८।१४ को सामाजिक परिचालन कार्यक्रम सम्बन्धको पत्र प्राप्त भई वैठक समक्ष जानकारी भयो । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सन् २००८ देखि संचालनमा रहेको सामाजिक परिचालन कार्यक्रम माननीय राज्यमन्त्री स्तरको मिति २०७४ पौष १३ गतेको निर्णयानुसार मिति २०७४ पौष १७ देखि समाप्त भएको भनी पत्राचार भएको हुँदा हालसम्म यस मेलम्ची नगरपालिकामा सामाजिक परिचालनको क्षेत्रमा कार्य गर्ने सामाजिक परिचालकहरुको सेवा अवधि समाप्त भएकोले सबै वडाहरुमा सोही बमोजिमको जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

मेलम्ची नगरपालिकाको नगर सभा मिति २०७४।८।२५ गते मंगलबारका दिन गर्ने र सो को व्यवस्थापनको लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री रूद्र प्रसाद दुलाल - संयोजक

२. श्री भक्त बहादुर खड्का - सदस्य

३. श्री पार्वती वि.क. - सदस्य

**निर्णय नं. ४ :**

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डकिमे झ्याङतेर साङग खोर्लिङ गुम्बाको स्वामित्वमा रहेको जग्गामा गुम्बा निर्माण तथा जग्गा सम्म्याउने कार्यको लागि रू. ५०,०००।- (अक्षरुपी पचास हजार रूपैयाँ मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

मेलम्ची नगरपालिका अन्तर्गतका केही स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरहरुमा अनमी तथा कार्यालय सहयोगीको आवश्यकता रहेकोले स्वास्थ्य शाखामा प्राप्त भएको बजेटको अधिनमा रही हाललाई ६ महिनाको लागि करार सेवामा अनमी १ (एक) र कार्यालय सहयोगी १ (एक) पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरूको कार्य सम्पादनस्तर र सम्बन्धित वडाको सिफारिसको आधारमा सेवा करार थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

मेलम्ची नगरपालिका वडा नं. ३ स्थित हरियाली कृषक समूह, हैबुङ्गबाट किवी फललाई व्यवसायिकरण गर्न पेश भएको प्रस्तावना पत्रको सम्बन्धमा यस मेलम्ची नगरपालिका कार्यालयको योजना शाखा र कृषि शाखाका प्राविधिकबाट उक्त व्यवसायको स्थलगत अध्ययन गरी प्राप्त भएको प्रतिवेदन आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

चौतारा साँगाचोकगढी नगरपालिका/उद्योग विकास शाखाको च.नं. ३७२ मिति २०७४।८।२५ को पत्रबाट उक्त शाखाले मेलम्ची नगरपालिका भित्र कार्यक्रम संचालन गर्न स्थान छनौट गरिदिन यस नगरपालिकालाई अनुरोध गरेकोले सो सम्बन्धमा उद्यम विकास समितिमा छलफल गरी स्थान छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस मेलम्ची नगरपालिका अन्तर्गत कार्य गर्न इच्छुक देहायका संघ/संस्थाहरूबाट कार्यक्रम संचालन अनुमति माग भएको हुँदा मेलम्ची नगरपालिका कार्यालयको प्रत्यक्ष समन्वयमा रही कार्य गर्ने गरी स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

१. बहुसांस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ.नेपाल), बालुवाटार, काठमार्डौ ।

२. मानव अधिकार तथा सामाजिक रूपान्तरण अभियान, नेपाल, थापाथली, काठमाडौं ।

३. नौलिङ्ग स्वास्थ्य सेवा केन्द्र, मेलम्ची न.पा. ८, ज्यामिरे ।

**निर्णय नं. १० :**

Pappu/Worldwide/Gauriganesh J.V.काठमाडौंको मिति २०७४।८।७ को पत्र प्राप्त भई वैठक समक्ष जानकारी भयो । यस सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका स्थित फट्टेपुल दुवाचौर बाँसखर्क बरूवा सडकको स्तरोन्नती कार्यको लागि मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची तालामाराङ तिम्बु सडक खण्ड भित्र पर्ने सिस्ने वडार भन्ने स्थानबाट मेलम्ची खोलासम्मको भागमा करिब ५००० घन मिटर ( १७६५५० घन फिट) ढुङ्गा उत्खनन् गर्नको लागि निवेदन पेश भएको हुँदा उल्लेखित स्थानबाट उक्त परिमाणको ढुंगा उत्खनन् गरी बिक्री कार्यका लागि यस नगरपालिकाबाट दररेट निर्धारण भैनसकेको हुँदा साविक जिल्ला विकास समितिको जिल्ला परिषद्ले निर्धारण गरेको दररेट (विक्री रू. ३.५० र निकासी रू. ३.५० गरी जम्मा रू. ७ प्रति घन फिट) रू. ७ का दरले १,७६,५५० घन फिटको राजस्व रकम रू. १२,३५,८५०।- (अक्षरूपी बाह्र लाख पैंतिस हजार आठ सय पचास मात्र) लाग्ने हुँदा प्राविधिक प्रतिवेदनको आधारमा उक्त राजस्व रकम लिई ढुंगा उत्खनन् गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

मेलम्ची नगरपालिका स्थित मेलम्ची-डडुवा-आरूखर्क खानेपानी आयोजनाबाट खानेपानी योजना निर्माणको लागि यस मेलम्ची नगरपालिकाको साविक मेलम्ची गाविसको वडा नं. २ देखि वडा नं. ८ स्थित नुवारखोलासम्मको भुभागबाट आवश्यक पर्ने ढुंगा तथा बालुवा निकासीको लागि निवेदन पेश भएकोमा उल्लेखित योजनको लागि बालुवा ३५ घन मिटर (१२२८.५ घ.फि.) र ढुंगा १० घन मिटर (३५१ घ.फि.) लाग्ने भनी प्राविधिकबाट सिफारिस भएको हुँदा उल्लेखित परिमाणको ढुंगा तथा बालुवा निकासी लागि प्रति घन फिट रू. ७ का दरले हुन आउने राजस्व लिई निकासी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

यस मेलम्ची नगरपालिका अन्तर्गत भूकम्पबाट भत्केको घरको छाना छाउने ४००० वर्ग फिट पत्रे ढुंगा निकासीको लागि प्रति वर्ग फिट रू. ६ का दरले रू. २४,०००।- राजस्व लिई छुटपूर्जी दिइएकोमा सो को अनुमोदन गर्ने र यस नगरपालिका भित्र खानीबाट उत्खनन् भएका पत्रे ढुंगा तथा भूकम्पबाट भत्केको घरको छाना छाउँने पत्रे ढुंगा विक्री तथा निकासी कार्यका लागि प्रति वर्ग फिट रू ६ र नगरपालिका भित्र वालुवा तथा दुंगा उत्खननको लागि विक्रि तथा निकासि दुवै गरी रू७ प्रति घन फिट दररेट कायम गर्न नगर सभामा सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

मेलम्ची नगरपालिका बजार क्षेत्रमा रहेको फोहोरमैला ब्यवस्थापन गर्नको लागि OXFAM नेपालको सहयोगमा यस मेलम्ची नगरपालिका वडा नं. ११ स्थित भैंटार भन्ने स्थानको भौगोलिक तथा वातावरणीय अध्ययन भई फोहरमैला ब्यवस्थापनको लागि उपयुक्त भनी सिफारिस भएको र वातावरण तथा फोहोरमैला ब्यवस्थापन समितिबाट समेत उक्त स्थानमा रहेको जग्गा हाललाई १ (एक) वर्षको लागि भाडामा लिई फोहोरमैला ब्यवस्थापन गर्न सिफारिस भई आएको हुँदा उक्त स्थानमा उल्लेखित कार्य गर्नको लागि शीघ्र कार्य प्रक्रिया अगाडि बढाउन वातावरण तथा फोहोरमैला ब्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

भूकम्प पश्चात मेलम्ची नगरपालिकाको पुनर्निर्माणको अवस्थाको बारेमा पुनर्निर्माण समितिबाट सबै वडाको अनुगमन गरी पुनर्निर्माणमा भएको प्रगतिको विवरण सहित तत्काल प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित क्रियापुत्री भवन निर्माण र मेलम्ची नगरपालिका वडा नं. ३ स्थित स्याङदान टोल एकिकृत बस्ती निर्माणको लागि पेश भएको प्रस्तावना पत्र आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

मेलम्ची नगरपालिका कार्यालय र यस नगरपालिका क्षेत्रमा संचालित क्रसर उद्योग बीच भएको सम्झौता बमोजिम सम्बन्धित क्रसर उद्योगबाट यस कार्यालयलाई तिर्नुपर्ने वक्यौता रकम हालसम्म पनि नतिरेको हुँदा गत आ.व. २०७३/७४ को वक्यौता र यस आ.व. २०७४/७५ मा तिर्नु पर्ने रकम यस कार्यालयको खातामा तत्काल दाखिला गर्न निर्देशन दिर्ने र सो नभएमा कानुन वमोजिम आवश्यक कारवाहीको लागि प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३(११) को (छ) बमोजिम सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने र सोही परिच्छेदको (११) (ट) अनुसार अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कर्तब्य र अधिकार सम्बन्धित नगरपालिकाको भएको हुँदा यस नगरपालिका क्षेत्र भित्र संचालित क्रसर उद्योगहरुले क्रसर उद्योग संचालन गर्न प्रयोग गरेको  जग्गा नगरपालिकाले संरक्षण र सुरक्षा गर्नुपर्ने भएकोले सबै क्रसर उद्योगहरुले आ फूले प्रयोग गरेको जग्गाको आवश्यक कागजातहरू नगरपालिकामा पेश गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३(११) को (छ) बमोजिम सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने र सोही परिच्छेदको (११) (ट) अनुसार अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कर्तब्य र अधिकार सम्बन्धित नगरपालिकाको भएकोले मेलम्ची नगरपालिका कार्यालयले सार्वजनिक जग्गा संरक्षणकार्य समेत अगाडि बढाएको हुँदा सो कार्यमा आवश्यक सहजिकरण गर्न बढीमा १५ जना स्वयंसेवक आवश्यक बजेट ब्यवस्थापन हुने गरी  परिचालन गर्न आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ः**

बतासे ट्रेल्सको च.नं. १९ मिति २०७४।९।३ को पत्रबाट पर्यटन प्रवर्द्धन तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन गराउने उद्देश्यले २०७४ पौष २९ गते संचालन हुने “बतासे अल्ट्रा ट्रेल रेश” को लागि बजेट माग भएको हुँदा उक्त कार्यक्रमलाई प्राप्त बिल भरपाईको आधारमा खेलकुद शिर्षकबाट रू. ५०,०००।- (अक्षरूपी पचास हजार रूपैया मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं. २०**

मेलम्ची नगरपालिका अन्तर्गतको स्वास्थ्य शाखावाट थप वजेट माग भई आएको सन्दर्भमा सो शाखालाई  प्राप्त भएको बजेटको विस्तृत विवरण पेश गर्न लगाउने र नपुग बजेटको सन्दर्भमा स्वास्थ्य मन्त्रालयमा आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

मेलम्ची नगरपालिका अन्तर्गत सोलार बत्ती जडान गर्नको आवश्यक पर्ने कूल लागत रकम रू. ४५,६०,०००।- मध्ये सो को ६०% ले हुन आउने रकम रू. २७,३६,०००।- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, खुमलटारबाटप्राप्त हुने भएकोलेउल्लेखित कार्यको लागि बाँकी नपुग ४०% ले हुन आउने रकम रू. १८,२४,०००।- (अक्षरूपी अठार लाख चौबिस हजार रूपैयाँ मात्र) मेलम्ची नगरपालिकाको आ.व. २०७४/७५ को प्रथम नगर सभाबाट साझेदारी कार्यक्रम अन्तर्गत विनियोजन भएको बजेटबाट बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता तथा नवीकरण हुने गैह्र सरकारी संस्था र अन्य अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरूको नवीकरण सिफारिस र उल्लेखित संस्थाबाट संचालन गरिने कार्यक्रमको स्वीकृती सम्बन्धमा देहाय बमोजिमको सिफारिस दस्तुर लिन राजस्व परामर्श समितिबाट सिफारिस भई आएको हुँदा सोही बमोजिमको दस्तुर कायम गर्न स्विकृतीको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | विवरण | सिफारिस दस्तुर रू. | कैफियत |
|---|---|---|---|
| १ | नयाँ संस्था दर्ता सिफारिस | १५००।- | |
| २ | रू. १ लाख देखि माथि ५ लाखसम्म कारोवार भएका संस्थाको नवीकरण सिफारिस | १५००।- | |
| ३ | रू. ५ लाख देखि माथि १० लाखसम्म कारोवार भएका संस्थाको नवीकरण सिफारिस | २०००।- | |
| ४ | रू. १० लाख देखि माथि रू. २५ लाखसम्म कारोवार भएका संस्थाको नवीकरण | २५००।- | |

| | | | |
|---|---|---|---|
| | सिफारिस | | |
| ५ | रू. २५ लाख देखि माथि रू. १ करोडसम्म कारोवार भएका संस्थाको नवीकरण सिफारिस | ३०००।- | |
| ६ | रू. १ करोड देखि माथि कारोवार भएका संस्थाको नवीकरण सिफारिस | ५०००।- | |
| ७ | कार्यक्रम संचालन स्वीकृति | १०००।- | |